# कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास

सुमित्रा पोखरेल

त्रि.वि. द.नं. :९–२–२०४–२३२–२००६

परीक्षा रोल नं. :२०४००४०/ २०६८

नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत

**शोधपत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षा संकाय

कनकाई वहुमुखी क्याम्पस सुरूङ्गा, झापा

नेपाली शिक्षा विभाग

२०७४/२०१७

## प्रतिबद्धता - पत्र

प्रस्तुत *कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास* शीर्षक शोधपत्र मैले सम्बन्धित पक्षमा गहन अध्ययन गरी तयार पारेकी हुँ । यसमा भएका तथ्यहरु सबै प्रामाणिक हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएमा म कानुन अनुसार दण्डित हुन तयार छु ।

....................

सुमित्रा पोखरेल

# कृतज्ञता ज्ञापन

प्रस्तुत *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास* शीर्षकको शोधपत्र शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको हो । प्रस्तुत शोधपत्रलाई आवश्यक सुझाव सल्लाह दिदै प्रस्तुतियोग्य बनाउनका लागि सहयोग पुऱ्याउनु हुने शोध निर्देशक आदरणीय गुरु सहप्राध्यापक जीवनाथ सुवेदीज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस शोधकार्यमा विभन्न सल्लाह सुझाव दिनुहुने कनकाई बहुमुखी क्याम्पस सुरुङ्गाका नेपाली विभागका विभागीय प्रमुख उपप्राध्यापक विष्णुप्रसाद कोइराला ज्यूप्रति अभार व्यक्त गर्दछु । आदरणिय गुरुहरु उपप्राध्यापक शेरबहादुर बानियाँ, सहायक प्राध्यापक तेजप्रसाद खनाल, सहप्राध्यापक कोमलप्रसाद पोखरेल लगायत नेपाली विभागका सम्पूर्ण गुरूहरुप्रति म सधैं कृतज्ञ रहने छु । शोधकार्य तथा अध्ययनका क्रममा आवश्यक व्यवस्था मिलाइदिनुहुने यस क्याम्पसका क्याम्पस प्रमुख सहप्राध्यापक टंकबहादुर कार्कीप्रति कृतज्ञता प्रकट गर्दछु । अनेकौं समस्याहरु माझमा पनि हरपल विभिन्न शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीहरु संकलन गर्दै यो शोधकार्य गर्न समय तथा अन्य सहयोगका साथै कम्प्युटर टाइपिङ समेत गरिदिएर सहयोग पुऱ्याउनु हुने जीवनसाथी श्री रुद्रप्रभातप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यलय नेपाली शिक्षा विभाग, कनकाई बहुमुखी क्याम्पसप्रति पनि अभार व्यक्त गर्दछु ।

........................

सुमित्रा पोखरेल

# शोधसार

प्रस्तुत *कक्षा दशको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यास* शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिको प्रयोजनार्थ तयार पारिएको हो । यस शोधका समस्याहरुमा भाषा पाठ्यक्रमले तोकेका उद्देश्य र विधाको प्रकृति अनुरूप नमुना अभ्यास छन् कि छैनन् भन्ने कुराको खोजी गर्दै सबल र दुर्बल पक्षहरु के कस्ता रहेका छन् भनि खोजि गर्ने प्रयास गरिएको छ । यस शोधकार्यको उद्देश्य भाषा पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु, नमुना अभ्यासका विद्याका प्रकृतिका आधारमा वर्गीकरण गरी विश्लेषण गर्नु रहेको छ ।

यो शोधपत्रमा प्राथमिक र द्वितीय सामग्रीको छनोट गरिएको छ । प्राथमिक सामग्री अन्तर्गत कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तकलाई लिइएको छ भने द्वितीय सामग्री अन्तर्गत प्रस्तुत शोधपत्रसँग सम्बन्धित विभिन्न शोधपत्रहरु प्रकाशित खोजमूलक लेखहरु, प्रतिवेदनहरु र भाषा शिक्षण सम्बन्धित पुस्तकहरुको उपयोग गरिएको छ । त्यसै गरी अन्तिममा अध्ययनका लागि सामग्री संकलन गरिसकेपछि पुस्तकालयीय, वर्णनात्मक विधिलाई उपयोग गरी आवश्यकता अनुसार तालिकीकरण गरिएको छ । कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासको अध्ययनका सीमाहरुमा कक्षा दशको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको नमुना अभ्याससँग मात्र केन्द्रित र नमुना अभ्यासको शब्द भण्डार, व्याकरण, विद्या, व्यवस्थापन तथा भाषिक विषयवस्तुको विश्लेषणमा आधारित रहेको छ ।

कक्षा दशको वर्तमान नेपाली पाठ्यपुस्तक विद्यार्थीको रूची, क्षमता र स्तर अनुरूप नमुना अभ्यास राख्ने प्रयास गरिएको पाइन्छ तापनि भाषिक सिपहरुको विकासमा समानुपातिक वितरण पाइदैन यसैगरी सृजनात्क प्रकृतिका प्रश्नहरु कम रहेको देखिन्छ । पाठ्यपुस्तकमा रहेका नमुना अभ्यासहरुलाई तालिकीकरण गरेर तिनीहरुको व्याख्या र विश्लेषण समेत गरिएको छ ।

हरेक विधामा प्रयुक्त नमुना अभ्यासहरुलाई भाषिक सिपका आधारमा छुट्टाछुट्टै देखाइ तिनीहरुको प्रतिशत समेत निकाल्दै अध्ययनलाई सहज बनाउने प्रयास गरिएको छ । शब्दभण्डारका सन्दर्भमा श्रुतिसमभिन्नर्थी शब्द, पर्यायवाची शब्द, अनेकार्थी शब्दहरुको प्रयोग न्यून रहेको देखिन्छ । प्रत्येक पाठमा आएका अफठ्यारा शब्दहरुको प्रत्येक पृष्ठमा राखिएको ले विद्यार्थीलाई सहजता दिन खोजेको देखिन्छ । वस्तुगत प्रश्नहरुमा बहुवैकल्पिक प्रश्नहरु राखिएका छैनन् । खालिठाँउ भर्ने, जोडा मिलाउने प्रश्नहरु न्यून रहेको देखिन्छ । व्याकरण सिकाइमा आगमनात्मक पद्धति अंगालिए पनि यसलाई अझ बढाएर लैजानु पर्ने देखिन्छ । यस्ता पक्षहरुलाई अध्ययनको सुझाव खण्ड अन्तर्गत समेटिएको छ ।

# विषय सूची

**विषय** **पृष्ठ**


**अध्याय एक परिचय**

अध्ययनको पृष्ठभूमि १
समस्या कथन २
अध्ययनको उद्देश्य ३
अध्ययनको औचित्य र महत्त्व ३
अध्ययनको परिसीमा ४
शोधपत्रको रूपरेखा ४

**अध्याय दुई पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा**

पूर्वकार्यको समीक्षा ५
अध्ययनमा पूर्वकार्यको उपयोगिता ७
सैद्धान्तिक रूपरेखा ७

**अध्याय तिन अनुसन्धान विधि र प्रक्रिया**

अनुसन्धानात्मक ढाँचा २२
तथ्याङ्क संकलनका स्रोत २२
तथ्याङ्क संकलन विधि २२
तथ्याङ्क विश्लेषण विधि २३
अनुसन्धान प्रक्रिया २३

**अध्याय चार कक्षा दशको नेपाली पुस्तकको नमुना अभ्यासको विधागत विश्लेषण**

विषय प्रवेश २५
कथा विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण २६
कविता विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण २८
जीवनी विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण ३१
निबन्ध विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण ३३
रूपक विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण ३६
चिठी निवेदन विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको व्याख्या र विश्लेषण ३९
व्याकरण सम्बन्धी अभ्यासगत प्रश्नहरुको वितरण र विश्लेषण ४१

## अध्याय पाँच सारांश, निष्कर्ष र उपयागीता

| | |
|---|---|
| सारांश | ५३ |
| निष्कर्ष | ५४ |
| उपयोगिता | ५५ |
| सुझाव | ५७ |
| सन्दर्भ सामग्री | ५९ |

# तालिका सूची


| तालिका नं. | तालिका शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | अध्ययनको ढाँचा | २२ |
| २ | प्रश्नहरुको संख्यात्मक विवरण | २५ |
| ३ | कथा विधाका प्रश्नहरुको वितरण र विश्लेषण | २६ |
| ४ | कविता विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको वितरण र विश्लेषण | २९ |
| ५ | जीवनी विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण | ३१ |
| ६ | निबन्ध विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण | ३४ |
| ७ | रूपक विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण | ३६ |
| ८ | चिठी निवेदन विधा अन्तर्गत समाविष्ट प्रश्नहरुको विश्लेषण | ३९ |
| ९ | व्याकरणका प्रश्नहरुको वितरण र विश्लेषण | ४२ |